१८८२ - ८०४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३१२/२०७१/०७२
निर्णय ८०४

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.व.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, बबरमहल, काठमाडौं ................१ विपक्षी
सूचना अधिकारी, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, बबरमहल, काठमाडौं .............१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, बबरमहल, काठमाडौं समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।१०।२५ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७१।११।१० को आदेशबाट सम्बन्धित निकायले पुनरावेदकले राजश्व दाखिल गरी सूचना लिन आउनु भनिएकोले लगत कट्टा गरिएको र सो को जानकारी पुनरावेदकलाई गराईएको । मिति २०७१।११।०५ र २०७१।१२।१३ मा पुनरावेदकले माग बमोजिमको सूचना नपाएको भनी पुनः उजुरी गरेको । तत् पश्चात् आयोगको मिति २०७१।०२।१४ को पत्रबाट पुनरावेदकलाई के कति कारणले सूचना उपलब्ध गराईएन भनी पत्राचार गरिएको । उक्त पत्राचार पश्चात वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको च.नं. १६३० मिति २०७२।०३।०७ को पत्रबाट पुनरावेदकलाई राजश्व बुझाई सूचना लिन पत्राचार गरिएकोमा हालसम्म नआएको भनी आयोगलाई जानकारी गराईएको र आयोगबाट पुनरावेदकलाई च.नं. १५४८, मिति २०७२।०३।२९ को पत्रबाट सूचना लिन जान भनी पत्राचार गरेको । उक्त पत्रचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।